गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी नं.

# सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!

सूचना नं.:११/२०८३/०८४

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०५/०८

यस गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि तपसिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र माग बमोजिमका विवरण र यस गाउँपालिकाको राजस्व शाखामा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०८३/०८४ | स्टाफ नर्स | पाँचौ | ३ जना | आधारभुत अस्पताल संचालन प्रयोजनार्थ |

१. **शैक्षिक योग्यता तथा न्यूनतम योग्यता:**

क) **स्टाफ नर्स** : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह (PCL Nursing) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ र नेपाल नर्सिङ काउन्सिल (Nepal Nursing Council) मा अनिवार्य रूपमा नाम दर्ता (Registration) भएको र आवेदन दिने समयमा उक्त प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ।

२. **आवेदन दिने अन्तिम मिति:** २०८३/०५/१४ गतेसम्म कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय समयभित्र।

३. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:** व्यक्तिगत निवेदन, भरेको आवेदन फारम, व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, कार्यअनुभवका प्रमाणपत्रहरूका प्रतिलिपिहरू, ३ प्रति पासपोर्ट साईजको फोटो। साथै अदालतबाट नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ। भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ।

४. **उमेर**

स्टाफ नर्स : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

५. **आवेदन दस्तुर:**

स्टाफ नर्स: ७००

पुर्ण प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत


gaumukhirm2073@gmail.com web: www.gaumukhimun.gov.np ☎ 9857836319

# गौमुखी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३


पत्र संख्याः २०८३/०८४
चलानी नं.

६. दरखास्त दिने स्थानः गौमुखी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, पुजा, प्युठान।

७. तलब भत्ताः सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम।

८. छनौटको तरिकाः

स्टाफ नर्सः प्रारम्भिक योग्यताक्रमको सूची, लिखित परीक्षा तथा अन्तर्वार्ता।

९. अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल प्रमाणपत्रका साथ उपस्थित हुनुपर्नेछ।

१०. स्थानीय तहमा कार्य गरेका अनुभवी उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

११. स्टाफ नर्सले गौमुखी आधारभुत अस्पतालको आवासमा बसि सेवा प्रदान गर्नुपर्ने छ।

१२. परीक्षा मिति पछि प्रकाशन गरिने छ।

१२. थप सम्पर्कका लागिः रमेश पोखेल, सूचना प्रविधि अधिकृत (९८४००९९१४८)

२०८३/०५/०८

दुर्गा प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

दुर्गा प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत